नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# राष्ट्रिय तथ्याङ्क कार्यालय

## स्टेशनरी तथा कार्यालय सामान खरिदसम्बन्धी दरभाउपत्र आह्वानको सूचना

(सूचना प्रकाशित मिति : २०८१/०४/१४)

यस कार्यालयका लागि आवश्यक स्टेशनरी तथा कार्यालय सामान आपुर्ति गर्न इच्छुक र इजाजत प्राप्त फर्म/संस्था/कम्पनीहरुले देहाय बमोजिमका शर्तहरुको अधिनमा रही रीतपुर्वकको दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

१. तपसिल बमोजिमको दरभाउपत्र फाराम दस्तुर बुझाएको बैंक भौचर संलग्न राखी यो सूचना प्रकाशित भएको मितिदेखि १५ औं दिनको कार्यालय समयभित्र यस कार्यालयबाट दरभाउपत्र फाराम खरिद गर्न सकिने छ।

| दरभाउपत्र/ठेक्का नं. | मालसामानको विवरण | आवश्यक संख्या | दरभाउपत्र दस्तुर | दरभाउपत्र जमानत रकम | दरभाउपत्र दाखिला गर्ने माध्यम |
|---|---|---|---|---|---|
| **1/NSO/081/82** | Stationery and Office Materials | दरभाउपत्र फाराममा संलग्न छ। | रु. १०००/- | रु. ३२,०००।- | सिलबन्दी दर्ता |

२. दरभाउपत्र दस्तुर निम्नलिखित बैंकमा बुझाई सोको सक्कल भौचर दरभाउपत्र फाराम खरिदका लागि पेश गरेको निवेदनसाथ संलग्न गर्नुपर्नेछ।

बैंकको नाम: राष्ट्रिय वाणिज्य बैंक, टेकु। कार्यालयको नाम: राष्ट्रिय तथ्यांक कार्यालय, थापाथली।

कार्यालयको कोड: ३०१०८३५०१ कार्यालयको खाता नम्बर: १०००१००२०००१०००

राजश्व शीर्षक नम्बर: १४२२९

३. दरभाउपत्र जमानत बापत माथि उल्लेखित रकम बराबर यस कार्यालयको नाममा जारी भएको बिडबण्ड वा कोष तथा लेखा नियन्त्रक (समन्वय) कार्यालयको नेपाल राष्ट्र बैंक थापाथलीमा रहेको स.अ. धरौटी खाता नं. १२०१२००-००१-००२-५२४ (कार्यालयको कोड नं. ३०१०८३५०१) मा रकम जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ। बिडबण्डको हकमा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिले ७५ (पचहत्तर) दिन सम्मको मान्य अवधि (भ्यालिडिटी पिरियड) भएको हुनु पर्नेछ।

४. दरभाउपत्र फाराम सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२.०० बजेभित्र यस कार्यालयमा सिलबन्दी गरी दर्ता गराई सक्नु पर्नेछ।

५. दर्ता हुन आएका सिलबन्दी दरभाउपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको १.०० बजे कार्यालयमा उपस्थित फर्म/कम्पनी र अन्य प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ। तर, कम्पनीको प्रतिनिधिहरु उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन। दरभाउपत्र फाराम खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन/दरभाउपत्र खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा सो कार्य भोलिपल्ट कार्यालय खुलेको दिन गरिनेछ।

६. दरभाउपत्रदाताको योग्यताको आधार तथा त्यस्तो आधार प्रमाणित गर्न दरभाउपत्रदाताले सिलबन्दी दरभाउपत्रसाथ देहायका कागजात पेश गर्नुपर्नेछ।

(क) फर्म/संस्था/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि वा व्यवसाय दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

(ख) मूल्य अभिवृद्धि कर र पान दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

(ग) दरभाउपत्रदाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसायसम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणाको सक्कल प्रति

(घ) आ.व.२०७९/०८० सम्मको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

(ङ) फर्म/कम्पनीले आधिकारिक रुपमा खरिद कार्य गर्नका लागि प्रतिनिधि नियुक्त (power of attorney letter) गरेको सक्कल पत्र।

७. दरभाउपत्र फाराम बुझाउँदा सिलबन्दी गरी खामको बाहिर **"राष्ट्रिय तथ्यांक कार्यालयको स्टेशनरी तथा कार्यालय सामान खरिदसम्बन्धी दरभाउपत्र २०८१" भनी स्पष्टसंग उल्लेख गर्नु पर्नेछ।**

८. यसै सूचनाको बुँदा ६ बमोजिमका कागजात संलग्न नभएको, विभिन्न सर्तहरु उल्लेख गरेको, दरभाउपत्रसम्बन्धी कागजातमा दरभाउपत्रदाताले उल्लेख गर्नुपर्ने विवरणहरु पूर्ण रुपमा उल्लेख नगरेको र सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम रीत नपुगी आएको दरभाउपत्रहरु उपर कुनै कारबाही गरिने छैन।

९. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ। **स्वीकृत दरभाउपत्रदाताले दरभाउपत्र फाराममा उल्लिखित सम्पूर्ण सामानहरु सम्झौता भएको मितिले एक महिना भित्र आपूर्ति गरिसक्नु पर्नेछ।**

१०. माथि उल्लिखित सर्तहरु बाहेक अन्य कुराहरु दरभाउपत्र फाराम एवम् प्रचलित कानूनअनुसार हुनेछ।

११. यस सम्बन्धी थप कुराको जानकारी आवश्यक परेमा कार्यालय खुलेको समयभित्र कार्यालयमा सम्पर्क राख्न सकिनेछ।